आज मिति **२०८१ पौष ४** गते बिहिबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (बस्नेत)को अध्यक्षतामा तपशील वमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **आठौँ** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की (बस्नेत) | अध्यक्ष | |
| २. | श्री ङ्वाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराजा बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुवबहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मतबहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १०. | श्री सबिता बि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निरकुमार बि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मानबहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री काजीमान राई | सचिव | |

[illegible] नियुक्ति सम्बन्धमा।
३. टेन्डरको म्याद थप सम्बन्धमा।
४. प्रारम्भिक वातावरणीय परीक्षणका लागि, बजेट विनियोजन सम्बन्धमा।
५. रेन्टिङ क्यामेरा भाडाको लागि बजेट बाँडफाँड सम्बन्धमा
६. पर्यटन गुरुयोजनाको मस्यौदा प्रतिवेदन छलफल सम्बन्धमा।
७. वृत्तचित्र तयारीको मस्यौदा प्रतिवेदन छलफल सम्बन्धमा
८. लैङ्गिकसमावेशी परीक्षण र रणनीति नक्सा र दिगोविकासको स्थानीयकरणको अन्तिम प्रतिवेदन स्वीकृत सम्बन्धमा।
९. डा. कुलबहादुर बस्नेतलाई रकम भुक्तानी सम्बन्धमा
१०. पेट्रोल खरिद गर्ने सम्बन्धमा
११. योजनाको नाम संशोधन सम्बन्धमा
१२. परामर्श सेवाको रकम भुक्तानी दिने सम्बन्धमा।
१३. ब्याक हो लोडरको भुक्तानी सम्बन्धमा
१४. पदपूर्तिको लागि, लागि, विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा।
१५. रोलरको अपरेटरलाई खाना भत्ता सम्बन्धमा
१६. ह्वाइट अटोमोबाइल्स प्रा.लि. गौरीसाललाई रकम भुक्तानी सम्बन्धमा
१७. शुभ अटोमोबाइल्स प्रा.लि. घोराहीलाई रकम भुक्तानी सम्बन्धमा।
१८. बेरुजु रकम फर्छ्यौटको लागि, पत्राचार गर्ने सम्बन्धमा।
१९. ग्याबिन जाली खरिद गर्ने सम्बन्धमा

१. प्रस्ताव नम्बर १ उपर छलफल [illegible]
बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिको तेरौं गाउँसभामार्फत् स्वीकृत भएका योजना तथा कार्यक्रमहरुमा केही संशोधन तथा परिमार्जन र केही ऐन कानुनहरु पारित गर्नु पर्ने भएको हुँदा यस गाउँपालिकाको चौधौं गाउँसभा तपशीलको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय गरियो-

(क) मिति : २०८१ पौष २४ गते बुधबार
(ख) समय : बिहान ११ बजे
(ग) स्थान : गाउँपालिकाको सभाहल

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालय र यस गाउँपालिकाको संयुक्त लागत साझेदारीमा निर्माण भइरहेको यस गाउँपालिकाको ५ शैयाको आधारभूत अस्पताल निर्माणका लागि सम्झौताको मितिले २० महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७९ माघ १३ गते **रु. ९,४९,७०,५६६.४४ (नौ करोड उनन्चास लाख सत्तरी हजार पाँचसय सय छैयठ्ठी रुपैंया चवालीस पैसा मात्र) (मू.अ. करसहित)** मा सम्झौता भइ कार्यादेश दिइएको । निर्माण कम्पनीलाई कार्यादेश दिइएपश्चात् पनि कार्यालयको तर्फबाट तुरुन्त निर्माण कार्यका लागि साइट उपलब्ध गराउन नसकिएको कारण निर्माण कार्यमा ढिलाइ भएको हुँदा तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न नसक्ने जनाई **श्री धौलागिरी/बङ्गलामुखी जे.भि.**निर्माण कम्पनीले मिति **२०८३ असोज १३** गतेसम्म म्याद थपका लागि कार्यालयमा निवेदन पेश गरेको । सो पेश भएको निवेदनका आधारमा पूर्वाधार शाखाबाट पेश भएको प्रतिवेदन उपर बैठकमा छलफल हुँदा सम्बन्धित निर्माण कम्पनीलाई **कार्यसम्पादन जमानत र अग्रिम बैङ्क जमानत**को समेत म्याद थप गराई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम २ बमोजिम सम्झौतामा उल्लेख भएको समयको ५० प्रतिशतले हुन आउने १० महिनाको समयभित्र वा मिति २०८२ श्रावण १३ गतेसम्म कार्य सम्पन्न गर्ने गरी पहिलो पल्टका लागि म्याद थप गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर १ स्थित **सापे-बुके पोम्दोक बुद्ध चिल्ड्रेन पिक्निक पार्क** निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदनसमेत स्वीकृत गरी बजेट बिनियोजन भइसकेको । उक्त जग्गामा भौतिक पूर्वाधारका संरचना निर्माण गर्नका लागि नेपाल सरकारबाट भोगाधिकार लिनु पर्ने र सो का लागि प्रारम्भिक बातावरणीय परिक्षण समेत अनिवार्य भएको हुनाले उक्त कार्य गर्नका लागि गत सालको मौज्दातबाट रु. ५००,०००। बजेट बिनियोजन गरी सो कार्य गर्ने गराउने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल यस गाउँपालिकाभित्र रहेको सामुदायिक विद्यालयको अध्ययन अध्यापनलाई थप मर्यादित, व्यवस्थित बनाउनका लागि बुद्ध मा.वि. गोली, हिमगंगा मा.वि. चौलाखर्क र जनसेवा आ.वि., डुंडाबाट सि.सि. क्यामेरा जडान गर्नका लागि माग भइ आएको हुँदा तीनवटै विद्यलयमा समान ८/८ वटाका दरले सि.सि. क्यामेरा जडान गर्नका लागि गत सालको मौज्दातबाट रु. ४००,०००। बजेट बिनियोजन गरी सो कार्य गर्ने गराउने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभाबाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको पर्यटन गुरु योजना तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका बैठकमा प्रारम्भिक चरणको छलफल गरी सम्पूर्ण वडामा चरणवद्ध रुपमा छलफल गरी परामर्श संस्थाबाट आधिकारीक तथ्याङ्क सङ्कलन गरिएको । सङ्कलित तथ्याङ्कलाई पटक पटक भेरिफिकेशन तथा पर्यटकीय स्थानमा स्थलगत अनुगमन गरी तयार गरिएको मस्यौदा प्रतिवेदनलाई आजको कार्यपालिका बैठकमा परामर्शदाता संस्थाले पेश गर्दा गाउँपालिकाको पर्यटनको बर्तमान अवस्थाको सचित्र वर्णन र आगामी दिनका लागि लागतसहित

कार्ययोजना तयार गरेको देखिएको हुनाले परामर्शदाता संस्थाले अन्तिम प्रतिवेदन पेश गरेपश्चात् सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभाबाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको विद्युतीय पाश्वचित्र तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका बैठकमा प्रारम्भिक चरणको छलफल गरी वडामार्फत् छनोट भएका गणकहरुले प्रत्येक घरधुरीमा गई कार्यालयबाट तयार भएको प्रश्नावली भरेर आधिकारीक तथ्याङ्क सङ्कलन गरेको । सङ्कलित तथ्याङ्कलाई पटक पटक भेरिफिकेशन गरी नेपाल सरकारले तोकेको मापदण्ड वमोजिमको मस्यौदा प्रतिवेदन तयार गरी परामर्शदाता संस्थाले आजको कार्यपालिका बैठकमा पेश गरेको । पेश भएको प्रतिवेदनमा यस गाउँपालिकालाई आवश्यक भएको सम्पूर्ण तथ्याङ्क समावेश गरेको देखिएको हुनाले परामर्शदाता संस्थाले अन्तिम प्रतिवेदन पेश गरेएपश्चात् सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभाबाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको दिगो विकासको स्थानीय करण नीति तयार गर्न, लै.स.सा.स. परीक्षण र लै.स.सा.स. रणनीति तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको । छनोट भएको परामर्शदाता संस्थाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड वमोजिम नै प्रतिवेदन तयार गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गरेको हुनाले सो प्रतिवेदनलाई गाउँपालिकाको कार्यालयले आगामी दिनमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी अन्तिम प्रतिवेदन स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर ३ निवासी शङ्करबहादुर बस्नेतले प्रहरी सर्जमिन र वडाको सिफारिस साथ यस कार्यालमा दिएको निवेदन उपर छलफल हुँदा अविरल बर्षाका कारण शङ्कर मोड शाखा सडकको करिब ११ मीटर चौडाइ र ३ मीटर सडकमा क्षति भ पुऱ्याइ आवागमनमा समस्या सिर्जना भएको हुँदा सो सडक मर्मत गरी आवागमन गर्नका लागि सहजता ल्याउनका लागि रु. ५०,०००। बजेट मर्मत सम्भार कोषबाट बिनियोजन गरी सो कार्य गर्ने गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस गाउँपालिकाले निर्माण गरेको सडक सोलिङको कार्यलाई रोलरमार्फत् थप व्यवस्थित गर्नका लागि गाउँपालिकाको अनुरोधमा छिमेकी सोलु दुधकुण्ड नगरपालिकाले उपलब्ध गराउने रोलर र ब्याक हो लोडरका लागि आवश्यक हुने इन्धन एपोलो हाइड्रो पावर कम्पनी, लिखुपिके-२,लाई आनुरोध गरिएको । माग गरिएको आधारमा उक्त जलविद्युत आयोजनाले १५०० (पन्ध्रसय) लिटर मात्र डिजेल उपलबध गराएको हुनाले थप आवश्यक इन्धन आधिकारीक पेट्रोल पम्पबाट गाउँपालिकामार्फत् नै खरिद गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभाबाट वडा नम्बर २ मा सञ्चालन गर्ने गरी रक्षेपु धाउखानी सडक स्तरोन्नती गर्नका लागि रु. ३००,०००। बजेट बिनियोजन भएको । २ नम्बर वडा कार्यालयबाट मिति २०८१ मङ्सिर ११ गतेको प्राप्त पत्रानुसार उक्त योजनाको नाम **च्यान डाँडा सडक ग्याबियन वाल** निर्माण बनाई दिनका लागि निवेदन प्राप्त भएको हुनाले सो योजनाको नाम संशोधन गरी **च्यान डाँडा सडक ग्याबियन वाल** निर्माण कायम गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालय र यस गाउँपालिकाको संयुक्त लागत साझेदारीमा निर्माण भइरहेको यस गाउँपालिकाको ५ शैयाको आधारभूत अस्पताल निर्माणका लागि सम्झौताको मितिले २० महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७९ माघ १३ गते रु. ९,४९,७०,५६६.४४ **(नौ करोड उनन्चास लाख सत्तरी हजार पाँचसय सय छैयठ्ठी रुपैंया चवालीस पैसा मात्र) (मू.अ. करसहित)** मा सम्झौता भइ कार्यादेश दिइएको । यस गाउँपालिकाको लागि स्वीकृत भएको इन्जिनियर र सबइन्जिनियरको पदमा पदपूर्ती हुन नसकी दरबन्दी रिक्त रहिरहेको हुनाले सो भवन निर्माणका क्रममा कार्यालयका तर्फबाट दक्ष प्राविधिक जनशक्ति खटाउन नसकिएको ।

तसर्थ सो भवनको निर्माण कार्यलाई प्रावकारी रुपमा अगाडी बढाउनका लागि कार्यालयमा सूचीकृत रहेको स्वतन्त्र परामर्शदाता इन्जिनियर अनिल श्रेष्ठलाई मिति २०८० पौष १ गते बाट कामकाजमा लगाईएको हुनाले सो वापत निज इन्जिनियर अनिल श्रेष्ठलाई बार्षिक **रु. १ लाख सेवा र परामर्श** शीर्षकबाट पारिश्रमिक भुक्तानी दिने गरी परामर्शदाता नियुक्ति दिने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा गाउँपालिकाका मातहत रहेका सडक संरचना र अन्य पूर्वाधारमा भएको क्षतीलाई न्यूनीकरण गर्दै यातायात आवागमनमा सहजता ल्याउनका लागि मर्मत सम्भार कार्यविधि तयार गरी ३ महिनाका लागि ब्याक हो लोडर भाडामा लिनका लागि सार्वजनिक सूचना जारी गर्दा जिरी निर्माण सेवा, दोलखाले पेश गरेको प्रस्ताव न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिई प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) कबोल गरेको । सोही आधारमा उक्त  संस्था र गाउँपालिकाबीचमा प्रतिमहिना १०० घण्टाका दरले ३ महिना ब्याक हो लोडर सञ्चालन गर्ने र सो वापत प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) का दरले भाडा उपलब्ध गराउने निर्णय भए वमोजिम हालसम्म निजलाई पहिलो पल्ट **१६१.४ घण्टा**को **रु. ५१६,४८०** र दोस्रो पटक थप **३५४.६** को **रु. ११,३४,७२०।** भुक्तानी दिइसकेको ।
हाल आएर सो संस्थाका तर्फबाट थप **११७.४** घण्टा मेसिन सञ्चालनमा आएको हुँदा प्रति घण्टा रु. **३२,००।** का दरले जम्मा **रु. ३७५,६८०** रकम भुक्तानीका लागि कार्यालयमा निवेदन र करबीजक बील पेश भएको गरेको हुँदा सहजीकरण समितिको सिफारिस र लग बुकका आधारमा सो संस्थालाई **गतसालको मौज्दात** रकमबाट **रु. ३७५,६८०।** रकम भुक्तानी दिने र सो संस्थामार्फत् लिइएको ब्याक हो लोडरको सम्झौता २०८१ मङ्सिर ३० गतेबाट लागू हुने गरी भङ्ग गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको सर्भेक्षकको रिक्त पदमा पदपूर्तीका लागि प्रचलित कानुनअनुसार पहिलो पटकका लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरिएकोमा कुनै पनि दरखास्त नपरेको हुँदा पुनः ७ दिनको पदपूर्तीको सूचना प्रकाशन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्राविधिक सहायकमा कार्यरत धिरज कार्कीले यस कार्यालयमा दिएको राजिनामा स्वीकृत भइसकेको हुनाले सो रिक्त स्थानमा पदपूर्तीका लागि १५ दिनको दरखास्त आह्वान गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस गाउँपालिकाको अनुरोधमा छिमेकी सोलु दुधकुण्ड नगरपालिकामार्फत् उपलब्ध गराइएको १ थान रोलरमार्फत् यस गाउँपालिकाभित्र निर्माण गरिएका सडकको सोलिङलाई रोलिङ गरी थप व्यवस्थित गर्न सुरु गरिएको हुँदा सो कार्य सम्पन्न नभइन्जेलसम्मका लागि मेसिन चालक अपरेटरलाई खाना खाजा खर्चवापत दैनिक रु. ७५०। का दरले **अन्य भत्ता** शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष कार्यालयको कामको सिलसिलामा काठमाडौं जाने क्रममा यस कार्यालयको नामा रहेको बा २ झ ३६८७ नम्बरको स्कार्पिओ गाडी विग्रिएर चल्न नसक्ने कुरा उल्लेख गरी सवारी चालक जीवन बस्नेतले कार्यालयमा निवेदन पेश गरेको । पेश भएको निवेदनका आधारमा कार्यालयमा सूचीकृत रहेको महिन्द्र कम्पनीको आधिकारीक सर्भिसिङसेन्टर **इलाइट अटोमोटिभ्स प्रा.लि., गौशाला**लाई स्टमेट पेश गर्नका लागि कार्यादेश दिएकोमा उक्त **इलाइट अटोमोटिभ्स प्रा.लि., गौशाला**बाट **रु. ९९,१९६.१५** को स्टमेट तथा लागत अनुमान पेश भएको भएको । सो स्टमेटका आधारमा उक्त गाडी मर्मत गरिएको हुँदा निर्माणकर्ताबाट पेश भएको भ्याटबीलका आधारमा उक्त रकम **रु. ९९,१९६.१५** सवारी साधन मर्मत शीर्षकबाट मर्मत कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

१७. प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा यस कार्यालयको नाममा रहेको प्र.-१-०२-००१ झ ०८२५ नम्बरको स्कार्पिओ गाडीमा सामान्य मर्मत गर्नु पर्ने भएको कुरा सवारी चालक पेमछिरिङ शेर्पाले कार्यालयमा निवेदन पेश गरेको । पेश भएको निवेदनका आधारमा कार्यालयमा सूचीकृत रहेको महिन्द्र कम्पनीको आधिकारीक सर्भिसिङसेन्टर **गुड अटो मोबाइल्स प्रा.लि., धुम्बाराही, काठमाडौं**लाई स्टमेट पेश गर्नका लागिं कार्यादेश दिएकोमा उक्त **गुड अटो मोबाइल्स प्रा.लि., धुम्बाराही, काठमाडौं**बाट **रु. ४१,२४२.७४** को स्टमेट तथा लागत अनुमान पेश भएको भएको । सो स्टमेटका आधारमा उक्त गाडी मर्मत गरिएको हुँदा निर्माणकर्ताबाट पेश भएको भ्याटबीलका आधारमा उक्त रकम **रु. ४१,२४२.७४** सवारी साधन मर्मत शीर्षकबाट मर्मत कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

१८. प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा आ.व. २०७९/०८० को महालेखा परीक्षणको प्रतिवेदनले यस गाउँपालिकाभित्र सञ्चालनमा आएको हाइड्रो पावरले प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र वालुवा) प्रयोगको राजश्व वापत **रु. २,३२,५७,७९८.१५।** यस गाउँपालिकाले असुल उपर नगरेको हुनाले गाउँपालिकाको नाममा बेरुजु कायम गरिएको प्रतिवेदन पेश भएको । सो बेरुजु रकमलाई असुल उपर गर्नका लागि सम्बन्धित जलविद्युत आयोजनालाई पत्राचार गरेकोमा उक्त जलविद्युत आयोजनाले जिल्ला विकास समितिको कार्यालयको मिति २०७३ फागुन २६ गतेको पत्रलाई आधार मानी लिखु खोला ए जलविद्युत आयोजना (५१ मेघावाट)ले नियमानुसार तिर्नु बुझाउनु पर्ने राजश्व दाखिला भइ सकेको प्रमाण पेश गरेको । पेश भएको पत्रउपर छलफल गर्दा उक्त राजश्व रकमको विषयमा जिल्ला समन्वय समितिलाई हाइड्रोपावर कम्पनीमार्फत् के कति रकम कुन कानुनी प्रावधानअनुसार जम्मा गरिएको हो ? राजश्व रकम जम्मा भएको भए सो रकममा गाउँपालिकाको हक लाग्ने वा नलाग्ने सम्बन्धमा जिल्ला समन्वय समितिलाई पत्राचार गर्ने र बाँकी दुईवटा जलविद्युत आयोजनाको हकमा पुनः सम्बन्धित जलविद्युत आयोजनालाई तुरुन्त राजश्व दाखिलाका लागि ताकेता पत्र पठाउने निर्णय गरियो ।

१९. प्रस्ताव नम्बर १९ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नम्बर ४ मा र वडा नम्बर २ मा गत बर्षायाममा अविरल रुपमा परेको पानीका कारण भूक्षय हुन गई सडकमा क्षती पुग्न गएको हुँदा सम्बन्धित वडाको माग निवेदनका आधारमा क्षतीग्रस्त स्थानमा तत्काल ग्यावित जाली नलगाएको अवस्थामा थप क्षती हुन जाने देखिएकाले उक्त स्थानमा तपशील वमोजिमको ग्याविन लगाउन गतसालको मौज्दात रकमबाट जाली खरिद गर्ने निर्णय गरियो-

**तपशील**

(क) वडा नम्बर ४मा - १.५x१x१ को २० थान
२ x१ x१ को २० वटा

(ख) वडा नम्बर २ मा - १.५x१x१ को २० थान